ऐरावती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बनेत, प्यूठान

५ नं. प्रदेश, नेपाल

प.सं. २०७६/७७

च.नं.

## ऐरावती गाउँपालिकाको सबैमा अनुरोध

**मितिः २०७६/१२/०४**

छिमेकी मित्र राष्ट्र चीनको वुहान शहरबाट शुरु भई हाल विश्वका १०५ भन्दा बढी देशमा संङ्क्रमण फैलिसकेको नोवल कोरोना भाईरसको संङ्क्रमणबाट नेपाल पनि उच्च जोखिममा रहेको देश भनी विश्व स्वास्थ्य संगठनले प्रतिवेदन दिइसकेको छ । कोरोना संङ्क्रमण देखिएका विश्वका विकसित देशहरुलाई समेत यसको समाधान गर्न सफलता प्राप्त नभएको सन्दर्भमा हाम्रो जस्तो अल्पविकासित देशमा यो भाईरसको संङ्क्रमण देखिएमा यसले विकाराल समस्या ल्याउन सक्छ । तसर्थ यो भाइरस संङ्क्रमण फैलिनबाट रोक्नु नै हाम्रो लागि उत्तम उपाय हो । नोवला कोरोना भाइरसको संङ्क्रमणबाट बच्न नियमित रुपमा साबुन पानीले हात धुने, खोक्दा र हाछ्यूँ गर्दा नाक/मुख छोप्ने, जङ्गली तथा घरेलु पशुपंक्षीहरुसँग असुरक्षित सम्पर्कबाट टाढा रहने, पशुजन्य मासु/अण्डा राम्रोसँग पाकेपछि मात्र खाने, फ्लु जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने, फ्लु जस्तो लक्षण देखिएमा चिकित्सकसँग परामर्श लिने गरौं । कोरोना भाइरस प्रभावित देशहरुबाट आउने मानीसहरुमा दुई हप्ताभित्र रुघाखोकि लागेमा ज्वरो आएमा घाँटी/टाउको दुखेमा श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।

ऐरावती गाउँपालिका भित्र संक्रमित देखिएको भन्ने हल्ला आधिकारीक नभएको र सामाजिक सञ्जालहरुमा आउने अनाधिकृत समाचारहरु र हो-हल्लाको विश्वास गरी आतङ्कित नहुन सबै ऐरावती गाउँवासीमा अनुरोध गर्दै हामी प्रत्येक नागरीक सचेत बनी पूर्व सावधानी अपनायौ भने ज्यानमारा कोरोना भाइरसबाट सुरक्षित रहन सकिन्छ ।

प्रमुख प्रशासकिय अधिकृत

Website:airawatimun.gov.np

Email: airawatirm@gmail.com

"कृषि, पर्यटन, रोजगारीको बढाउँदै गति शान्त, सुन्दर, समुन्नत बनाऔं ऐरावती"

Scanned by CamScanner